नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७९ साउन १७ गते सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा गठित संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमको हालसम्मको कार्यान्वयन अवस्थाका साथै आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा भएको प्रगति तथा विकास व्यवस्थापन, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार जस्ता कार्यमा हासिल भएका ठोस उपलब्धिहरूबारे समीक्षा गर्न र कार्यान्वयनका सन्दर्भमा देखिएका मुख्य चुनौतीहरू एवं तत्काल सम्बोधन गर्नुपर्ने प्रमुख विषयहरूमा छलफल गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा सबै माननीय मन्त्री तथा राज्यमन्त्रीज्यूहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, नेपाल राष्ट्र बैङ्कका गभर्नर तथा सचिवज्यूहरू लगायत नेपाल सरकारका विशिष्ट पदाधिकारीको सहभागितामा कार्यक्रम आयोजना भयो ।

सो कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट सरकारले मुलुकलाई राजनीतिक स्थायित्व प्रदानगर्दै स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराएको र अबका केही महिनाभित्रमा प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गर्न निर्वाचनका पूर्व तयारीका कामहरू समयमै सम्पन्न गर्न निर्देशन दिनुभयो। नीतिको कार्यान्वयन तथा नियमन पक्षलाई बलियो बनाउँदै चालु खर्च वृद्धिलाई नियन्त्रण गरी मूल्य वृद्धिलाई दुई अङ्कको दरमा पुग्न नदिन,उत्पादनशील क्षेत्रमा लगानीयोग्य पुँजीको अभाव हुन नदिन र सरकारले लिने आर्थिक नीतिहरू निजी क्षेत्रलाई प्रोत्साहितगर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्न निर्देशन दिनुभयो । अर्थतन्त्रको पुनरुत्थान र सन् २०२६ सम्ममा अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुन सहयोग पुग्ने तथा समय सीमाभित्रै दिगो विकासका लक्ष्यहरू हासिल हुने गरी विकास निर्माणका कार्यक्रम कार्यान्वयको गति अघि बढाउन , राष्ट्रिय गौरव लगायतका महत्त्वपूर्ण अधुरा आयोजनाहरु समयमै सम्पन्न गर्न मन्त्रालयहरूलाई निर्देशन दिनुभयो । पेट्रोलियम पदार्थको आयात क्रमशः न्यूनीकरण गर्दै जान, राज्यले आम नागरिकहरूलाई उपलब्ध गराउने सार्वजनिक सेवा छिटो छरितो, गुणस्तरीय र न्यूनतम लागतमा प्रवाह हुने व्यवस्था मिलाउन, अत्यावश्यक वस्तु तथा सेवाको कृत्रिम अभाव हुन नदिन, मूल्यमा मिलेमतो लगायतका आपूर्ति शृङ्खलामा देखा पर्ने सबै प्रकारका बेथितिलाई नियन्त्रण गर्न, शान्ति, सुरक्षाको स्थितिलाई थप सुदृढ बनाउन, सबै प्रकारका हिंसा र अपराधलाई कडाइका साथ नियन्त्रण गर्न र कानूनी राज्यको अवधारणालाई व्यवहारमा उतार्न सबै कटिबद्ध हुनुपर्ने कुरामा विशेष जोड दिनुभयो।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

साथै जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सघाउ पुग्ने तथा विद्युत, हरित एवं नवीकरणीय ऊर्जाको खपतलाई प्रवर्द्धन गर्न निर्देशन दिनुभयो । संघीयता कार्यान्वयनको अनुभवबाट सिकिएका पाठलाई समेत आधार बनाई तीन तहबीचको समन्वय, पारस्परिक सहयोग र अन्तर्निर्भरतालाई थप सुदृढ तुल्याउन, भूकम्पपछिको पुनर्निर्माणको सम्पन्न हुन बाँकी सबै काम समयमै सम्पन्न गर्न, विपद् व्यवस्थापन, विपद् प्रभावित जनताको आवासको पुनर्निर्माण तथा राहत प्रदान गर्न सबैलाई निर्देशन दिनुभयो। निजामती सेवा ऐन यथाशीघ्र जारी गर्न सरकार प्रतिबद्ध रहेको व्यहोरा उल्लेख गर्दै निर्देशन कार्यान्वयनको अनुगमन त्रैमासिक रूपमा गर्ने परिपाटी बसाउन र आयोजनाको कार्यान्वयनमा अन्तरनिकाय समन्वय सुदृढ र प्रभावकारी बनाउन सम्बद्ध निकायहरुलाई निर्देशन दिनुभयो ।

उक्त कार्यक्रममा विभिन्न विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, राज्यमन्त्रीज्यूहरु र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूले आ-आफ्नो तर्फबाट मन्तव्य राख्नुभएको थियो।

उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिवज्यूले गत आर्थिक वर्षमा पूँजीगत खर्च करिब ५७% प्रतिशत मात्र भएको हुँदा यसबाट विकास निर्माण मात्र प्रभावित नभई मुलुकको आर्थिक वृद्धिको गतिलाई प्रभावित गर्न जोखिम बढ्ने र विकास आयोजनाहरूको लागत र समयावधि दुवै बढ्न सक्ने तर्फ ध्यान दिन आवश्यक रहेको कुरा उल्लेख गर्नुभयो। मन्त्रिपरिषद्बाट स्वीकृत कार्यसम्पादन करार सम्झौता निर्देशिका बमोजिम कार्यसम्पादन करार सम्झौता कार्यान्वयनमा ल्याउने,राजपत्राङ्कित विशिष्ट श्रेणी र प्रथम श्रेणीको कर्मचारीको नेतृत्व मूल्याङ्कन गर्ने पद्धतिलाई कार्यान्वयनमा ल्याउन र सबै सचिव तथा विभागीय प्रमुखहरूले कम्तीमा महिनाको एक पटक आफ्नो मन्त्रालय/विभाग/निकाय अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरूको खर्च र उपलब्धिको अनुगमन गर्न समेत निर्देशन दिनुभयो।

सो कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री लक्ष्मण अर्यालज्यूले गत आर्थिक वर्षको प्रगति र आगामी आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन कार्ययोजनाका सम्बन्धमा प्रस्तुत गर्नुभयो।

२०७९ साउन १७

महादेव पन्थ
प्रवक्ता